# नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)
# आन्तरिक लेखा परिक्षणको आशय पत्र माग सम्बन्धी
# कार्यविवरण (ToR) २०७९/०८०

## १. नेफ्स्कूनको परिचय

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) विगत ३ दशक भन्दा बढी समय देखि बचत तथा ऋण सहकारी अभियान मार्फत समुदायको आर्थिक, सामाजिक र साँस्कृतिक जीवनस्तर उकास्न क्रियाशील बचत तथा ऋण सहकारी संस्था र संघहरुको राष्ट्रव्यापी प्रतिनिधित्व गर्ने केन्द्रीय संघ हो । यस केन्द्रीय संघमा नेपालका ७६ जिल्लाबाट प्रतिनिधित्व गर्ने करिब ४४६० बचत तथा ऋण सहकारी संस्थाहरु, ३ वटा प्रदेश बचत तथा ऋण सहकारी संघ र ६५ वटा जिल्ला बचत तथा ऋण सहकारी संस्थाहरु आवद्ध भएका छन् भने करिब ३५ लाख व्यक्तिगत सदस्यहरु रहेको यस अभियानको केन्द्रीय संघ वि.सं. २०५५ सालदेखि एशियाली ऋण महासंघ (ACCU) र वि.सं. २०७५ सालदेखि विश्व ऋण परिषद्(WOCCU) को सदस्य समेत रहेको छ ।

संघको उद्देश्य प्राप्त गर्न सहकारीको मूल्य, मान्यता र सिद्धान्त पालना गर्ने-गराउने, सदस्य र आफ्नो व्यवसायको हित प्रवर्द्धन तथा बजारीकरण गर्ने-गराउने, सदस्यहरुलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने तथा सदस्य संस्था वा संघमा सुशासन प्रवर्द्धन गर्ने-गराउने, संस्था वा संघबीचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने-गराउने । संस्था वा संघले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापनसम्बन्धी कार्य गर्ने । आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने, संस्था वा संघको व्यवसाय प्रवर्द्धन तथा विकाससम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्नु । विनियममा उल्लेखित कार्यहरु सम्पन्न गर्नुपर्ने दायित्व संघलाई सहकारी ऐनले प्रदान गरेको छ ।

यस केन्द्रीय संघले दर्जनौ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँगको साझेदारीमा बचत तथा ऋण सहकारीको संस्थागत विकासका कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ । संघका सेवाहरुलाई बिकेन्द्रिकरण गरी संस्थाहरुको सहज पहुँच अभिबृद्धि गर्नको लागि हाल यस संघमा १ केन्द्रीय कार्यालय, २५ वटा फिल्ड कार्यालयहरु, १३ वटा सेवा केन्द्रहरु गरी जम्मा ३९ वटा कार्यालयहरु मार्फत सेवा प्रदान गर्दै आईरहेको छ ।

## २. वित्तीय अवस्था

(रु.१००० मा)

| विवरण | २०७९ असार मसान्त (अपरिष्कृत) Unaudited | २०७८ असार मसान्त | २०७७ असार मसान्त |
|---|---|---|---|
| कुल पूँजी तथा दायित्व | २२६१५५०५ | २४३००४०७ | १७७८९०५३ |
| शेयर पूँजी हिसाब | १६७०४८५ | १४५८७०० | ९६१५३१ |
| कोष हिसाब (जगेडा तथा अन्य कोषहरु) | ७८३७४३ | ५७०६९४ | २६८६९७ |
| बचत निक्षेप हिसाब | १८३३८८६८ | २१७९५२०१ | १६१७४०२९ |
| बाह्य ऋण हिसाब | ११८२००० | ० | ० |

| | | | |
|---|---|---|---|
| दातृ संस्थाबाट प्राप्त आर्थिक सहयोग | ७१५ | ७१५ | ४४४१ |
| चालु दायित्व तथा व्यवस्था | ५८८३४० | ४३०४०८ | ३६२९९० |
| आयकर दायित्व | ५१३५४ | ४४६८९ | १७३६५ |
| स्थगन कर दायित्व | | ० | ० |
| **कुल सम्पत्ती** | **२२६१५५०५** | **२४३००४०७** | **१७७८९०५३** |
| नगद तथा बैंक मौज्दात | ३८०५५८३ | ४०२६४५६ | ३९७६०४४ |
| लगानी हिसाब | २३९४३११ | ८१९८७११ | ६१०३३११ |
| कर्जा तथा सापट लगानी | १५९२५७२८ | ११६६२८२९ | ७४२१२५० |
| अन्य सम्पत्ती | ३१३०८५ | २६९७५८ | १५७३१५ |
| स्थिर सम्पत्ती (खुद) | १७६३७८ | १४२६२४ | १३१०६६ |
| दातृ संस्थाबाट प्राप्त आर्थिक सहयोग | | ० | ० |
| स्थगन कर सम्पत्ती | ४२० | २९ | ६७ |
| **नाफा नोक्सान हिसाब** | | | |
| ब्याज आम्दानी | १९७९१२२ | १६०२४२० | ११६९८९२ |
| ब्याज खर्च | १२३९०२१ | ९७९१३२ | ८७६९८० |
| **खुद ब्याज आम्दानी** | **७४०१०१** | **६२३२८८** | **२९२९१२** |
| अन्य सञ्चालन आम्दानी | ११९५५१ | ८६६७६ | ७२०९४ |
| शेयर लाभांश तथा संरक्षित पूँजी फिर्ता प्राप्त | ५६०५ | ४२६७ | १७६६ |
| **कुल सञ्चालन आम्दानी** | **८६५२५७** | **७१४२३१** | **३६६७७२** |
| प्रशासन तथा कार्यालय सञ्चालन खर्च र कर्मचारी खर्च | २५६३२२ | १७८९०४ | १४७७०६ |
| ह्रास कट्टी खर्च | ७२९२ | ६१११ | ५८२७ |
| **नोक्सान व्यवस्था अधिको सञ्चालन मुनाफा** | **६०१६४३** | **५२९२१६** | **२१३२३९** |
| सम्भावित कर्जा नोक्सानी व्यवस्था थप | ९५९६९ | ९०२६६ | ३९२५८ |
| **सञ्चालन मुनाफा** | **५०५६७४** | **४३८९५०** | **१७३९८१** |
| गैर सञ्चालन आम्दानी | | ० | ० |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ३०९३९ | २२८५६ | ११४०५ |

| | | | |
|---|---|---|---|
| **नियमित कारोबारबाट भएको मुनाफा/(नोक्सान)** | **५३६६१३** | **४६१८०६** | **१८५३८६** |
| असामान्य कारोबारबाट भएको आम्दानी /(खर्च) | | ० | ० |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **५३६६१३** | **४६१८०६** | **१८५३८६** |
| कर्मचारी बोनस व्यवस्था | २३०७४ | १७५४९ | १५७५८ |
| **आयकर व्यवस्था अघिको नाफा/(नोक्सान)** | **५१३५३९** | **४४४२५७** | **१६९६२८** |
| **आयकर खर्च** | | | |
| यस वर्षको आयकर व्यवस्था | ५१३५४ | ४४६८९ | १७३६५ |
| बिगत वर्षसम्मको कर व्यबस्था | ० | ७७९ | ० |
| यस वर्षको स्थगन कर आम्दानी / (खर्च) | ३९१ | ३८ | -१०८ |
| **खुद नाफा/(नोक्सान)** | **४६२५७६** | **३९८७५१** | **१५२१५५** |

## ३. फिल्ड कार्यालयहरुको अवस्था (२०७९ असार मसान्तको रु.) (अपरिस्कृत)

| विवरण | बचत | ऋण लगानी | शेयर | सदस्य |
|---|---|---|---|---|
| **क्लस्टर १** | | | | |
| केन्द्रीय कार्यालय (पेप्सीकोला से.के.सहित) | १,०००,०३२,९३७ | २,०७०,१३०,१०३ | ११८,६७८,७०० | ३४६ |
| कलंकी | ८६३,१२७,०२४ | ७२५,७६४,८४९ | ६०,६६१,००० | २०५ |
| न्यूरोड | १,०१४,२०७,५२६ | १,६१३,८७५,५७८ | १३७,४९६,९०० | १६१ |
| चबहिल | १,०८०,५०२,९९७ | ८०७,२१६,४८५ | ६९,२१०,१०० | २७५ |
| ललितपुर (चापागाउँ से.के.सहित) | १,१०२,७९२,९६३ | ९२६,९९२,३९१ | ७८,९५९,३०० | २२८ |
| गोंगबु | ३४७,९३७,३५६ | ७०५,५८५,३७४ | ५०,२९७,१०० | ११२ |
| भक्तपुर (सुर्यविनायक से.के.सहित) | १,५८६,०७८,७५० | १,५०१,०३२,५१६ | १०३,०८६,३०० | १८६ |
| बनेपा | १,१४२,०७६,१०२ | १,७३७,५७९,७३८ | १५०,१८६,५०० | २१७ |
| **क्लस्टर २** | | | | |
| चितवन (टाँडी सेवाकेन्द्र सहित) | १६९४२१७८५६ | ६०४३९४८७९ | ११३५९०१०० | २२० |
| पोखरा (खैरेनी से. के. र म्याग्दी से.के.सहित) | १,७०७,२०२,१३१ | ८६६,५८३,४३० | १३९,२५०,५०० | ३६७ |

| | | | | |
|---|---|---|---|---|
| लमजुङ | ४६५,१९५,७३८ | ८५,३३८,७५७ | २७,६८५,४०० | १०६ |
| धादिङ्गबेशी | ३४६,२२८,३७२ | २०,०५२,५१६ | ९,५३९,००० | ५६ |
| बिरगञ्ज | ३३५,६९०,२४० | २९२,६४६,९१६ | २३,८२५,७०० | १६३ |
| हेटौंडा | ६५३,४५६,३५३ | ३२७,५४५,०२६ | २६,४०२,००० | १०६ |
| क्लस्टर ३ | | | | |
| सुनसरी (लेटाङ र बिराटनगर सेवाकेन्द्र सहित) | ६५८,४३९,९७२ | ३७७,५७०,३२२ | ८५,५९५,९०० | ३६८ |
| झापा (विर्तामोड से.के.सहित) | ३७७,९२१,८२८ | ३०८,८१८,५५६ | ६५,४८२,९०० | २०३ |
| दोलखा | ५८२,९३२,३०० | १९१,३३६,५४२ | ४२,३०५,९०० | ७४ |
| मन्थली (सिन्धुली से.के.सहित) | ४८९,३१२,५८५ | ८१,७०२,४२६ | १६,८२२,६०० | १०३ |
| जनकपुर (लाहान से.के.सहित) | ४९४,७८२,१७० | ५४७,६८१,३५४ | ४७,८२९,७०० | १४५ |
| सर्लाही | २७९,७४८,५९७ | ७१४,२४२,५१० | ६४,६१०,४०० | १२८ |
| क्लस्टर ४ | | | | |
| डडेलधुरा | १८,४७४,१०७ | ३४,०५९,५४२ | ५,०६२,६०० | ९२ |
| कञ्चनपुर (धनगढी से.के.सहित) | १३०,८१०,७९३ | १२९,४३४,१३२ | १३,५९२,९०० | ९७ |
| नेपालगञ्ज | १३१,६३४,१३७ | २५५,४३०,६१६ | २४,०२१,४०० | ७७ |
| सुर्खेत | ३९४,१७४,५५३ | ३०२,८२१,९२९ | २१,८३८,७०० | ९२ |
| दाङ | २१६,२२८,७८१ | १९३,४३५,१९७ | २६,५१६,६०० | १४४ |
| बुटवल (भुमहि सेवा केन्द्र सहित) | १,२२५,६६१,७२८ | ५०४,४५६,३१८ | १४७,९३६,३०० | २४७ |
| **कुल जम्मा** | **१८,३३८,८६७,८९३** | **१५,९२५,७२८,००१** | **१,६७०,४८४,५००** | **४५१८** |

४. **आन्तरिक लेखा परिक्षणको उद्देश्य**

संघले आन्तरिक लेखापरिक्षणबाट देहायका उद्धेश्यहरु पुरा हुने अपेक्षा गरेको छः

- विद्यमान कानुनहरुको परिपालनाको सुनिश्चितता गर्ने,
- जोखिमको पहिचान तथा न्यूनीकरण गर्ने,
- आन्तरिक नियन्त्रण प्रणालीलाई सवलीकरण,
- आर्थिक कारोबारहरुमा नीति नियमहरुको परिपालना सुनिश्चित गर्ने,

- संघका सम्पत्तीहरुको सुरक्षाको प्रत्याभुतिका लागि अवलम्वन गरिएका विधि तथा प्रकृयाहरुको परीक्षण गरी व्यवस्थापनलाई सुझाव प्रस्तुत गर्ने,
- संघको उद्देश्य हासिल गर्न सञ्चालन गरिएको अन्तर लगानी कार्यक्रम प्रभावकारी भए नभएको परीक्षण गरी सुझाव प्रस्तुत गर्ने,
- संघले बचत तथा ऋण सहकारी संस्थाहरुको दीगो संस्थागत विकासका लागि सञ्चालन गरिरहेका गुणस्तर बिकास सम्बन्धी कार्यक्रमहरु, तालिम तथा गोष्ठीहरुको प्रभावकारीता तथा ति कार्यक्रमहरुमा अवलम्वन गरिएका विधि तथा प्रकृयाहरु परीक्षण गरी सुधार गर्नुपर्ने पक्षको पहिचान गर्ने,
- संघको प्रशासनिक व्यवस्थापन पक्षको परीक्षण गरी आवश्यक सुधारको लागि सुझाव प्रस्तुत गर्ने,
- संघको आम्दानी, खर्च लगायतका आर्थिक कारोबारहरुको लेखांकन आयकर ऐन २०५८, मुल्य अभिबृद्धि कर २०५८ तथा प्रचलित कानुन तथा संघको नीति तथा कार्यविधिहरुद्धारा निर्दिष्ट प्रक्रिया अनुरुप भए वा नभएको परीक्षण गरी वित्तीय पारदर्शिता र जवाफदेहिता कायम गर्न सहयोग पुऱ्याउने,
- लेखा सुपरिवेक्षण समितिद्धारा गरिने सुपरिवेक्षण तथा बाह्य लेखापरीक्षकबाट हुने लेखापरीक्षणलाई सहयोग पुऱ्याउने ।

**५. आन्तरिक लेखापरीक्षणमा समावेश हुनु पर्ने क्षेत्रहरु**

सामान्यतया आन्तरिक लेखापरीक्षणका कार्य क्षेत्र देहाय बमोजिम रहनु पर्दछ ।

- वित्तीय कारोबारको शुद्धताको परीक्षण गर्ने,
- संघका आन्तरिक नीति तथा कार्यविधिहरुको प्रभावकारीता परीक्षण गर्ने,
- प्रचलित कानुनको पालना भए नभएको परीक्षण गर्ने,
- नेपालको प्रचलित लेखामान बमोजिम लेखापालन भए नभएको परीक्षण गर्ने,
- संघको प्रशासनिक व्यवस्थापन प्रभावकारी भए नभएको परीक्षण गर्ने,
- संघको अन्तरलगानी कार्यक्रम तथा नीतिको प्रभावकारी कार्यान्वयन भए नभएको परीक्षण गर्ने,
- संघले लगानी गरेका ऋणहरुमा संघको नीति तथा कार्यविधि बमोजिम प्रकृया पुरा भए नभएको परीक्षण गर्ने,
- जोखिमको पहिचान गर्ने, संभावित जोखिमको आँकलन गर्ने, व्यवस्थापन र न्यूनीकरण गर्न सुझाव दिने,
- संघको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता मुल्यांकन तथा विश्लेषण गर्ने,
- भाखा नाघेको ऋणको अवस्था र अशुलीको लागि गरिएको प्रयत्न पर्याप्त भए नभएको परीक्षण गर्ने,
- संघको लेखाप्रणालीमा सुधार गर्नुपर्ने विषयहरु यकिन गर्ने,
- संघले प्रयोग गरेका सुचना प्रविधि तथा कम्प्युटर प्रणालीको विश्वसनीयता तथा प्रभावकारीता विश्लेषण गर्ने,
- संघले बचत तथा ऋण सहकारी संस्थाहरुको दीगो संस्थागत विकासका लागि सञ्चालन गरिरहेको सुपरिवेक्षण सम्बन्धी कार्यक्रमहरु (आधारशिला, कर्ब्स, प्रोबेसन, एक्सेस), तालिम तथा गोष्ठीहरुको प्रभावकारीता तथा ति कार्यक्रमहरुमा अवलम्वन गरिएका विधि तथा प्रकृयाहरु परीक्षण गर्ने,
- नगद तथा बैंक व्यवस्थापन, रिकन्सिलेसन र बीमा
- संघको आम्दानी तथा खर्च व्यवस्थापन सहि तवरले भए नभएको र कुनै आर्थिक श्रोतको चुहावट भए नभएको परिक्षण गर्ने,

- संघका सम्पत्ती तथा दायित्वहरुको व्यवस्थापन प्रभावकारी भए नभएको परीक्षण गर्ने,
- सम्पत्ती तथा सामानहरुको खरीद प्रकृया तथा अभिलेख व्यवस्थापन नीति नियम संगत भए नभएको परीक्षण गर्ने,
- संघको आपुर्ति शाखामार्फत भएका खरिद तथा बिक्रीको अभिलेख व्यवस्थापन र गुणस्तर कायम भए नभएको परीक्षण गर्ने,
- कुनै गम्भिर प्रकृतिका समस्या वा अनियमिताहरु भएमा सो को जानकारी तुरुन्त व्यवस्थापन समक्ष गराउने,
- लेखापरीक्षण गरिएका कार्यालयहरुलाई प्रभावकारी एवं सुरक्षित रुपमा सञ्चालन गर्ने सन्दर्भमा सुझाव प्रस्तुत गर्ने
- पुर्व लेखा परिक्षणबाट आएको सुझावको कार्यान्वयनको अवस्थाको बारेमा जानकारी गराई व्यवसायिक सक्षमताका लागि पृष्ठपोषण प्रदान गर्ने,
- संघको कारोबारको व्यवस्थित संचालन, सुशासनमा अभिबृद्धि तथा व्यवसायिक प्रभावकारीताका लागि आवश्यक पर्ने नीति, आन्तरीक कार्यविधिहरु त्था निर्देशिकाहरु सम्बन्धी ग्याप विश्लेषण तथा नयाँ निर्माण गनुपर्ने नीति, आन्तरीक कार्यविधिहरु त्था निर्देशिकाहरु सम्बन्धमा सुझाव प्रदान गर्ने,

## ६. लेखापरिक्षण कार्यतालिका

- आ.व. २०७९/०८० मा संघका सबै कार्यालयहरुको आन्तरिक लेखापरीक्षण अर्धवार्षिक वा बार्षिक रुपमा सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- लेखापरीक्षकले लेखापरीक्षण कार्यतालिका समावेश गरी प्रस्ताव पेश गर्नुपर्नेछ, तोकिएको कार्यतालिका बमोजिम लेखापरीक्षण सम्पन्न गरी केन्द्रिय कार्यालयको हकमा ३० दिन र अन्य कार्यालयहरुको हकमा १५ दिन भित्र सम्बन्धित कार्यालयको प्रत्युत्तर सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

| | क्लस्टर १ | |
|---|---|---|
| १ | केन्द्रीय कार्यालय (पेप्सीकोला सेवाकेन्द्र सहित) | अर्धवार्षिक |
| २ | कलंकी | अर्धवार्षिक |
| ३ | न्यूरोड | अर्धवार्षिक |
| ४ | चबहिल | अर्धवार्षिक |
| ५ | ललितपुर (चापागाउँ सेवाकेन्द्र सहित) | अर्धवार्षिक |
| ६ | गोंगबु | अर्धवार्षिक |
| ७ | भक्तपुर (सुर्यविनायक सेवाकेन्द्र सहित) | अर्धवार्षिक |
| ८ | बनेपा | अर्धवार्षिक |
| | क्लस्टर २ | |
| १ | चितवन (टाँडी सेवाकेन्द्र सहित) | अर्धवार्षिक |
| २ | पोखरा (खैरेनी सेवाकेन्द्र र म्याग्दी सेवाकेन्द्र सहित) | अर्धवार्षिक |
| ३ | लमजुङ | बार्षिक |
| ४ | धादिङ्गबेशी | बार्षिक |

| | | |
|---|---|---|
| ५ | बिरगञ्ज | अर्धवार्षिक |
| ६ | हेटौंडा | अर्धवार्षिक |
| | **क्लस्टर ३** | |
| १ | सुनसरी (लेटाङ र बिराटनगर सेवाकेन्द्र सहित) | अर्धवार्षिक |
| २ | झापा (विर्तामोड सेवाकेन्द्र सहित) | अर्धवार्षिक |
| ३ | दोलखा | अर्धवार्षिक |
| ४ | जनकपुर (लाहान सेवाकेन्द्र सहित) | अर्धवार्षिक |
| ५ | मन्थली ( सिन्धुली सेवाकेन्द्र सहित) | वार्षिक |
| ६ | सर्लाही | अर्धवार्षिक |
| | **क्लस्टर ४** | |
| १ | डडेलधुरा | बार्षिक |
| २ | कञ्चनपुर (धनगढी सेवाकेन्द्र सहित) | बार्षिक |
| ३ | नेपालगञ्ज | अर्धवार्षिक |
| ४ | सुर्खेत | बार्षिक |
| ५ | दाङ | अर्धवार्षिक |
| ६ | बुटवल (भुमहि सेवा केन्द्र सहित) | अर्धवार्षिक |

## ७. आन्तरिक लेखापरीक्षण गर्नेको योग्यता

- आन्तरिक लेखापरीक्षण गर्ने फर्म स्थापना भएका कम्तिमा ३ वर्ष भएको
- कम्तिमा १ जना चार्टड एकाउन्टेन्टको नेतृत्वमा कम्तिमा ५ जना कर्मचारी भएको
- सहकारी क्षेत्रको लेखापरीक्षणको अनुभव सहित कम्तिमा २ वर्ष लेखापरीक्षण गरेको अनुभव
- संलग्न हुने कर्मचारीहरुको कम्तिमा १ वर्षको लेखापरीक्षण गरेको अनुभव भएको
- पछिल्लो बर्ष ICAN बाट स्वीकृत पत्र नविकरण गराएको
- पछिल्लो बर्ष (आ.व.२०७७०७८)को कर चुक्ता प्रमाण पत्र लिएको
- आ.ब.२०७९/०८० को आन्तरिक लेखापरीक्षण गर्न नियुक्त भएको लेखापरीक्षक यसै वर्षको बाह्य लेखापरीक्षणको लागि योग्य हुनेछैन ।
- संघका कर्मचारी, कुनै समिति वा उप-समितिका सदस्यको संलग्नता रहेको फर्म लेखापरीक्षणको लागि योग्य हुनेछैन ।

## ८. लेखापरिक्षण गर्ने फर्मको मुल्यांकन

- न्यूनतम योग्यता पुरा गरेका प्रस्तावहरुलाई मात्र मुल्यांकनको लागि समावेश गरिनेछ ।
- योग्यता पुगेका CA फर्महरुको अनुभव, लेखापरीक्षण गर्ने कर्मचारी संख्या समेतलाई मध्यनजर गरी कम मुल्य तोकी आर्थिक प्रस्ताव पेश गर्ने फर्मलाई छनौटको प्राथमिकता दिईनेछ ।

## ९. भुक्तानी शर्त

सम्बन्धित बिभाग, कार्यालय तथा फिल्ड कार्यालयको तर्फबाट प्रत्युत्तर सहित आन्तरिक लेखापरीक्षण प्रतिवेदन साथ बिल बिजक पेश गरेको मितिले १५ (पन्ध्र) दिन भित्र नियमानुसार भुक्तानी गरिनेछ ।

## १०. प्रस्ताव पेश गर्ने मिति, समय र ठेगाना

आन्तरिक लेखापरीक्षणको लागि आशय पत्र आह्वानको सुचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समय भित्र तोकिएको दस्तुर दाखिला गरी तपशिल बमोजिमको ठेगानामा आईपुग्ने गरी प्रस्ताव पेश गर्नुपर्नेछ । उल्लेखित समय सिमा भन्दा पछि प्राप्त भएका प्रस्तावहरु मान्य हुने छैन ।

ठेगाना:
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.,
नयाँबानेश्वर, काठमाण्डौं
पो.ब. ९१६९, नेपाल
केन्द्रीय कार्यालय, वित्त तथा सामान्य सञ्चालन बिभाग

## ११. प्रस्ताव पेश गर्ने तरिका

लेखा परीक्षकले प्रस्ताव पेश गर्दा प्रत्येक क्लस्टरको लागि भिन्ना-भिन्नै आर्थिक प्रस्ताव, तथा ति क्लस्टरहरुमा परिचालन गरिने जनशक्तिको विवरण पेश गर्नुपर्नेछ । हरेक क्लस्टरको लेखापरीक्षण गर्ने जनशक्तिको नेतृत्व चार्टड एकाउन्टेन्टबाट गरिनुपर्नेछ । कुनै एउटा मात्र वा सबै क्लस्टरको लागि समेत प्रस्ताव पेश गर्न सकिनेछ, तर क्लस्टर अनुसार आर्थिक प्रस्ताव र जनशक्ति छुट्टाछुट्टै खुलाउनु पर्नेछ, अन्यथा प्रस्ताव अमान्य हुनेछ ।

## १२. वित्तीय प्रस्ताव

वित्तीय प्रस्ताव पेश गर्दा मुल्य अभिबृद्धि कर सहितको लेखापरीक्षण शुल्क रकम खुलाउनु पर्नेछ । वित्तीय प्रस्तावमा **यातायात खर्च, खाना खाजा तथा आवास खर्च लगायत सम्पूर्ण खर्चहरु** लेखापरीक्षण शुल्कमा नै समावेश गरी कुल रकम उल्लेख गरिएको हुनुपर्नेछ । वित्तीय प्रस्तावमा उल्लेखित भन्दा बाहेक संघले कुनै पनि रकम भुक्तानी गर्ने छैन ।

वित्तीय प्रस्तावको ढाँचा

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | लेखापरीक्षण शुल्क (सम्पूर्ण खर्चहरु समावेश गरी) | XXXX |
| २ | मुल्य अभिबृद्धि कर | XXXX |
| | जम्मा रकम | **XXXX** |